नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
काठमाडौं

**पत्र संख्या**: **सिंहदरबार, काठमाडौं**

**चलानी नं.**:

# विज्ञप्ति

देशका अधिकांश भागमा मिति २०७८।०५।१० देखि भारी बर्षा भईरहेकोले तराईका केही जिल्लामा डुवानको समस्या र पहाडी जिल्लामा पहिरोबाट पछिल्लो तीन दिनमा जनधनको क्षति हुनगई सर्वसाधारणको जनजीवन प्रभावित हुन गएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार आगामी ३ दिन मिति २०७८।०५।१५ सम्म भारी बर्षाको संभावना रहेकाले प्रभावित जिल्लाको अवस्था, विपद् जोखिम न्यूनीकरण र प्रतिकार्यका लागि गरिएको कार्य र पूर्वतयारीको सम्बन्धमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी विषयगत क्षेत्रका (Cluster) सरकारी निकाय (Lead) र सहयोगी निकाय (Co-Lead) तथा सरोकारवाला निकाय बीच समन्वय बैंठक बसी देहाय बमोजिमको छलफल गरी आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता समेत भएको छ ।

- पछिल्लो ३ (तीन) दिनमा ९ जनाको मृत्यु, ४ जना वेपत्ता, ५ जना घाईते, ४२ घर पूर्ण क्षति र ७५६ जनालाई सुरक्षित आश्रयस्थलमा राखिएको जानकारी प्राप्त हुन आएकोले खोज उद्धार र राहतका कार्यमा आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्ने ।
- मिति २०७८।०५।१५ सम्म भारी बर्षाको हुने संभावना रहेकोले सम्भावित जोखिम न्यूनीकरणका लागि सबै निकाय पूर्वतयारीको अवस्थामा रहने ।
- Satellite Image मार्फत हालको मनसुनजन्य विपद्बाट करिव ९० हजार जनसंख्या प्रभावित भएको प्रारम्भिक अनुमान गरिएकाले प्रभावितहरुको आवश्यक प्रतिकार्यका कार्य गर्ने ।
- पछिल्लो तीन दिनमा करिव ४५०० घर डुवानमा परेको अनुमान भएकोले उद्धार, आश्रय स्थलको व्यवस्थापन र खद्यान्नको व्यवस्थापनका लागि स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिसंग समन्वय गरी आवश्यक सहयोग पुर्याउने ।
- आश्रय स्थलमा खानेपानी सरसफाई र प्राथमिक स्वास्थ्य सेवा समेत उपलब्ध गराउन आवश्यक सहयोग गर्ने ।
- मनसुनजन्य विपद्को प्रारम्भिक लेखाजोखा (IRA) गर्नलाई स्थानीय तह, नेपाल प्रहरी र नेपाल रेडक्रस सोसाईटी परिचालित भईसकेकाले आवश्यक सहयोग गर्ने ।
- मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ अनुसार अस्थाई आवास निर्माणका लागि तत्काल रु. ५० हजार र पुनर्निर्माणका लागि क्षतिको यथार्थ प्राविधिक मुल्यांकनको आधारमा बढीमा हिमाली जिल्लामा रु. ५ लाख, पहाडी जिल्लामा रु. ४ लाख र तराईका जिल्लामा रु. ३ लाख उपलब्ध गराईने हुनाले स्थानीयस्तरमा लगत संकलन गर्न आवश्यक सहयोग गर्ने। https://bit.ly/Monsoon-Reconstruction-2077

मनसुन अझै केहि दिन सक्रिय हुने पूर्वानुमान रहेकाले थप जोखिम हुन नदिनका लागि पूर्वतयारी अवस्थामा रहन सम्बन्धित सबैमा प्राधिकरण हार्दिक अनुरोध गर्दछ ।

मितिः २०७८/०५/१३

विश्वप्रकाश अर्याल
सहसचिव/प्रवक्ता

फोनः ०१-४२११०९०, ४२११०९३, टोल फ्रिः ११४९ इमेल : info@bipad.gov.np, ndrrma@gmail.com, URL:www.bipad.gov.np